Ipas NEPAL Partners for Reproductive Justice

# जलवायु परिवर्तन, लैङ्गिकता तथा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार बीच अन्तरसम्बन्ध

## जलवायु परिवर्तन (Climate Change) भनेको के हो?

कुनै पनि ठाउँमा कम्तीमा पनि ३० वर्ष वा त्यो भन्दा बढी औसत वर्षा र तापक्रममा आएको परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ।

## जलवायु परिवर्तन कसरी हुन्छ?

सूर्यका किरणहरु पृथ्वीमा पर्दछन् जस मध्ये केही भाग पृथ्वीले अवशोषित गर्छ भने केही भाग फर्केर जान्छ। त्यो फर्केर जाने क्रममा वायुमण्डलमा रहेका हरित गृह ग्याँसहरु जस्तै कार्वन डाइअक्साइड, मिथेन, नाइट्रस अक्साइड, आदिले ती किरणहरुलाई रोक्दछ। यस्ता ग्याँसहरुको मात्रा कम हुँदा चिसो हुने र बढी हुँदा तातो हुने गर्दछ। वायुमण्डलमा बाक्लिएको हरित गृह ग्याँसले कम्बल जस्तो काम गर्दछ अर्थात फर्किएको किरणहरुलाई यी ग्याँसहरुले रोकी वायुमण्डलमा तातोपन बढाउँछ। त्यसैले यी ग्याँसहरुले पृथ्वी जगतका लागि ज्यादै महत्वपूर्ण भूमिका खेलेको हुन्छ। तर आजका दिनहरुमा मानवीय क्रियाकलापहरु जस्तै बढ्दो औद्योगीकरण, वन फँडानी, फोहोर, आदिबाट उत्पन्न हुने हरित ग्याँसहरुको अत्याधिक उत्सर्जन भइरहेको छ जसले गर्दा दिन प्रति दिन पृथ्वी को तापक्रम बढ्दो देखिन्छ। यो सम्पूर्ण प्रक्रियालाई विश्व व्यापी उष्णीकरण (Global Warming) भनिन्छ।





Ipas Nepal, Bhagawati Marga-Naxal, Kathmandu

Email: ipasnepal@ipas.org

Phone: 4423101, 4423102

URL: nepal.ipas.org

Ipas NEPAL Partners for Reproductive Justice

## जलवायु परिवर्तन, लैङ्गिकता तथा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार बीच अन्तरसम्बन्ध

- बाढी, पहिरो, चट्याङ जस्ता जलवायुजन्य घटनाले स्वास्थ्य संस्था तथा सेवामा हानी जसले गर्दा गर्भवती तथा सुत्केरी महिलाहरुले स्वास्थ्य सुविधाबाट बञ्चित हुनपर्ने
- सुख्खा तथा अनियमित वर्षाका कारण कृषि उत्पादनमा ह्रास जसले महिला तथा किशोरीहरुले महिनावारी, गर्भावस्था तथा सुत्केरी अवस्थामा पोषणयुक्त खाना नपाउनु
- वन डढेलो, वन फँडानी तथा मुहानहरु सुक्नुको कारण दाउरा तथा पानी लिन महिला तथा किशोरीहरु लामो दुरी पार गर्नुपर्ने; कृषि तथा खेतीपातीमा नयाँ नयाँ झारहरु - महिलाहरुको कार्यबोझमा वृद्धि
- विपदको समयमा महिलाहरुको कामको जिम्मेवारी तथा भूमिका झन् बढी हुने, जसले उनीहरुमा तनाव तथा संवेगात्मक असरहरु बढ्ने जसको फलस्वरूप लैङ्गिकता हिंसाका घटना तथा महिलाका यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका विषयहरु ओझेलमा पर्न सक्ने
- विपद पश्चात यौन तथा प्रजनन स्वास्थ्य र अधिकार तथा सेवाको विषय कम प्राथमिकतामा पर्ने भएकाले महिलाहरुले परिवार नियोजनका सेवासुविधा लिन नपाउनु जसको कारण अनिच्छित गर्भ रहनु र अनिच्छित गर्भ भइहालेमा पनि सुरक्षित गर्भपतनको सेवा नपाउनु
- महिलाहरु यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि खुलेर भन्न नसक्ने तथा सेवा लिने निर्णय गर्न नसक्ने जसले गर्दा विपदको समयमा यौन तथा प्रजनन स्वास्थ्य सेवामा गोपनियता सुनिश्चित गर्न गाह्रो हुने भएकाले असुरक्षित गर्भपतन, आङ् खस्ने समस्या आदिबाट झन् पीडित हुने
- बढ्दो तापक्रमले गर्दा यौन चाहनामा कमी

## अनुकूलनका उपायहरु

- यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका मुद्दाहरुलाई समेटेर जलवायु उत्थानशील योजना, कार्यक्रम तथा नीतिहरुको निर्माण
- जलवायु उत्थानशील स्वास्थ्य नीति निर्माण
- राहतको सामग्रीमा परिवार नियोजनका साधनहरुको अनिवार्य समावेशीता जस्तै dignity kit, hygiene kit
- यौन तथा प्रजनन स्वास्थ्यको सेवाहरुलाई विपद प्रतिकार्य कार्यक्रममा एकिकृत
- स्वः हेरचाह स्वास्थ्य सेवामा पहुँच जस्तै दुर्त स्वास्थ्य सेवा (tele health services), सेल्फ इन्जेक्टेबल कन्ट्रासेप्टिभ्स, आदि
- मानसिक स्वास्थ्य परामर्श सेवाको व्यवस्थापन
- विपदको समय वा विपद पश्चात मनोसामाजिक परामर्श सेवाको व्यवस्थापन
- लैङ्गिक हिंसाबाट प्रभावितहरुलाई निशुल्क प्रतिकार्य सेवाको बारेमा जनचेतना तथा अभिमुखीकरण (एकद्वार संकट व्यवस्थापन केन्द्र, सुरक्षित आवास गृह, कानुनी परामर्श)
- विभिन्न सेवा प्रदायकहरुलाई जलवायु परिवर्तन तथा विपद व्यवस्थापन सम्बन्धी अभिमुखीकरण

**Ipas Nepal, Bhagawati Marga-Naxal, Kathmandu**

**Email: ipasnepal@ipas.org**

**Phone: 4423101, 4423102**

**URL: nepal.ipas.org**